# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ५)** **सङ्ख्या : ४२** **प्रकाशित मिति : २०८०/०२/११**


**भाग-२**

## “सिद्धिचरण नगरपालिकाको बिउँपूजी परिचालन कार्यविधि, २०८०”

सिद्धिचरण नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट जारी भएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यपालिकाबाट स्वीकृत मितिः** २०८०/०२/०७

**प्रमाणीकरण मितिः** २०८०/०२/०९

**प्रस्तावनाः**

कृषि व्यवसाय सञ्चालनको लागि बाली वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यको सुरुवाती चरणमा बिउँपूजी उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बिउँपूजी परिचालन वाञ्छनीय भएकोले सिद्धिचरण नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"सिद्धिचरण नगरपालिकाको बिउँपूजी परिचालन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

**क. "आवेदक"** भन्नाले बिउँपूजी परिचालन गर्नको लागि नगरपालिका समक्ष आवेदन दिने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरुलाई सम्झनु पर्छ ।

**ख. "कृषि व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

१. व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

२. कृषिजन्य वस्तुको संकलन, वातानुकूलित भण्डारण वा प्रशोधन,

३. कृषि उपजको व्यापार,

४. कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राराङ्गिक मलको उत्पादन, भण्डारण र वितरण,

५. कृषि उत्पादनको लागि प्रयोग हुने बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण र वितरण,

६. कृषिमा प्रयोग हुने औषधी एवं विषादीको उत्पादन, परामर्श सेवा, भण्डारण तथा बिक्री व्यवसाय,

७. कृषि उत्पादनको लागि आवश्यक सिंचाई तथा उच्च प्रविधियुक्त खेतीका लागि आवश्यक यन्त्र उपकरण, सामाग्री उत्पादन, बिक्री वितरण तथा मर्मत संमभार,

८. कृषि यन्त्र र यान्त्रिक उपकरणको उत्पादन तथा बजारीकरण,

९. कृषिजन्य उद्योग (जस्तै- दाना, घाँस, छाला, हाड, साईलेज) व्यवस्थापन र सञ्चालन ।

**ग. "नगरपालिका"** भन्नाले सिद्धिचरण नगरपालिका सम्झनु पर्छ ।

**घ. "वडा कार्यालय"** भन्नाले सिद्धिचरण नगरपालिकाका १२ वटै वडा कार्यालयहरु सम्झनुपर्छ।

**ङ. "लाभग्राही"** भन्नाले बिउँपूजी परिचालनको लागि छनौट भएका आवेदकलाई सम्झनुपर्छ।

**च. "नगर प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

**छ. "नगर उपप्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

**ज. "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**३. <u>लगानी योग्य क्षेत्रः</u>** (१) बिउँपूजीको उपयोग अनुसूची-१ मा उल्लेखित कृषिका सहक्षेत्रसँग सम्बन्धित व्यवसायमा देहाय अनुसारका कार्यहरुको लागि रकम उपलब्ध गराईने छ ।

क. कृषि उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,

ख. भण्डारण तथा प्रशोधन सम्बद्ध पूर्वाधार निर्माण,

ग. उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेशिनरी, ढुवानी साधन खरिद,

घ. जैविक तथा रासायनिक कृषि मल खरिद र वितरण,

ङ. बिउँपूजी कोष परिचालन समितिले कृषि सम्बन्धित क्षेत्रमा तोके वमोजिमको अन्य कार्य।

# परिच्छेद-२

## संस्थागत व्यवस्था

४. **निर्देशक समितिः**

(१) बिउँपूजी परिचालन कार्यक्रम कार्यान्वयनको नीतिगत विषयमा आवश्यक निर्देशन दिन नगरपालिकामा देहाय वमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क. नगर प्रमुख | अध्यक्ष |
| ख. नगर उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ङ. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| च. कृषि विकास शाखा प्रमुख | सदस्य |
| छ. योजना शाखा प्रमुख | सदस्य-सचिव |

(२) उपदफा (१) वमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछः-

क. बिउँपूजी परिचालन कार्यान्वयनमा सहजीकरण गर्ने,

ख. कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने,

ग. कार्यक्रम सञ्चालनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने,

(३) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

**५. बिउँपूजी परिचालन समितिः** (१) स्वीकृत कार्यक्रम र बजेट अनुसार कृषि व्यवसायमा बिउँपूजी परिचालन गर्न नगरपालिकामा देहाय वमोजिम १ बिउँपूजी परिचालन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |

| | | |
|---|---|---|
| ख. | वरिष्ठ अधिकृत | सदस्य |
| ग. | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| घ. | कृषि विकास शाखा प्रमुख | सदस्य |
| ङ. | योजना शाखा प्रमुख | सदस्य |
| च. | खरिद इकाई प्रमुख | सदस्य-सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क. विशेष लगानीको क्षेत्र पहिचान गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

ख. आवेदकको व्यावसायिक योजना विश्लेषण गरी वस्तुनिष्ठ लाभग्राही छनौटको लागि सिफारिस गर्ने,

ग. बिउँपूजी परिचालनमा सदुपयोग भए/नभएको अनुगमन गर्ने,

घ. बिउँपूजी परिचालन सम्बन्धमा चौमासिक विवरण नगरपालिकामा पेश गर्ने,

ङ. बिउँपूजी परिचालनको लागि कार्ययोजना बनाउने ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन र बिउँपूजी परिचालन सम्बन्धी व्यवस्था

### ६. कार्यक्रम सञ्चालन प्रक्रियाः

(१) नगरपालिकाले बिउँपूजी कोष परिचालन कार्यक्रम कार्यान्वयनको लागि अनुसूची-२ को ढाँचामा आवेदकहरुबाट प्रस्ताव माग गर्नेछ ।

(२) आवेदकले अनुसूची-३ वमोजिमको निवेदनका साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(३) लाभग्राहीको छनौट दफा-५ वमोजिमको बिउँपूजी परिचालन समितिद्वारा हुनेछ ।

(४) छनौट भएका लाभग्राहीसँग नगरपालिकाले अनुसूची — ४ वमोजिमको सम्झौता गर्नेछ।

७. <u>ब्याजदरः</u> नगरपालिकाले यस कार्यविधि वमोजिम प्रवाह हुने बिउँपूजीको ऋण लिदा ब्याज लाग्ने छैन् तर तोकिएको समयसीमा भित्र साँवा रकम भूक्तानी नगरेमा जरिवाना रकम असुल गरिनेछ।

८. <u>बिउँपूजीको अधिकतम सीमाः</u>

(१) अनुसूची — १ मा उल्लेखित कृषि व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजनाको आधारमा प्रति लाभग्राही प्रति परियोजनामा हुने लगानीको बढीमा २० % हुनेछ ।

(२) वडा कार्यालयबाट सञ्चालन हुने उत्पादनमुखी कृषि, पशुपक्षी तथा मत्स्य विकास क्रियाकलापको हकमा परियोजना लगानीको बढीमा २० % वा बढीमा रु. १० लाखसम्म हुनेछ ।

(३) कृषि व्यवसाय सम्बन्धी प्रशोधन र बजारीकरणको लागि नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रमको हकमा परियोजना लगानीको बढीमा २० % वा स्वीकृत कार्यक्रमको लक्ष्य र बजेटलाई आधार मानी अनुसूची-५ वमोजिम अधिकतम सीमामा रही बिउँपूजी उपलब्ध गराईनेछ।

(४) स्वीकृत बिउँपूजी लाभग्राहीलाई देहाय वमोजिम तीन किस्तामा उपलब्ध गराईनेछ ।

क. व्यावसायिक योजना वमोजिम सम्झौता भए पश्चात स्वीकृत बिउँपूजीको १० %,

ख. व्यावसायिक योजना वमोजिम ५०% कार्य सम्पन्न पश्चात स्वीकृत बिउँपूजीको बाँकी ५०%,

ग. व्यावसायिक योजना वमोजिम शत प्रतिशत कार्य सम्पन्न पश्चात स्वीकृत बिउँपूजीको बाँकी ५० % ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि उन्नत बिंउ बिजन तथा रासायनिक मल खरिद तथा वितरण कार्यक्रममा भने एकमुष्ठ रुपमा रकम उपलब्ध गराईनेछ ।

(६) उपदफा (३) वमोजिमको किस्ता भूक्तानीको लागि लाभग्राहीले नगरपालिकाले तोकेको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बैंकमा खाता खोल्नुपर्नेछ र आवश्यक बील भरपाई पेश गर्नुपर्नेछ ।

## ९. बिउँपूजी फिर्ता अवधि र सेवा शुल्क सम्बन्धी व्यवस्थाः

(१) बिउँपूजीको फिर्ता अवधि बढीमा २ वर्षको हुनेछ । लाभग्राहीसँग बिउँपूजीको किस्ता असुली तथा भूक्तानी अवधिको निर्धारण कृषि व्यवसायको प्रकृति र बिउँपूजीको आकार हेरी बिउँपूजी परिचालन समितिले तोक्नेछ र सम्झौतामा यस विषयलाई उल्लेख गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिइको भएतापनि बिउँपूजीको पहिलो किस्ता लगानी र अन्तिम किस्ता असुलीको अवधि बढीमा पाचँ वर्षको हुनेछ ।

(३) नगरपालिकाले बिउँपूजी लगानी र असुली सम्बन्धी कुनै सेवा शुल्क लिने छैन् । तर, लाभग्राहीले समयमा किस्ता भूक्तानी नगरेमा नगरपालिकाले तोकिदिएको मापदण्डमा रहेर हर्जना लिन बाधा पुग्ने छैन् ।

(४) पहिलो किस्ता परिचालन गर्दा तोकिएको प्रतिफल पूरा नभएमा दोस्रो किस्ता भूक्तानी गरिने छैन र त्यस्तो परियोजनाको योजना रद्ध गरी असुल उपर गरिनेछ ।

१०. (१) रु. १० लाखसम्म बिउँपूजी प्रवाह गर्दा बिउँपूजी प्रवाह हुने परियोजना नै सुरक्षण रहनेछ ।

(२) रु. १० लाख भन्दा बढी बिउँपूजी प्रवाह गर्दा बैंक सुरक्षणको (Bank Guarantee) सुनिश्चितता गर्नुपर्नेछ ।

११. **<u>बिउँपूजी कोष फिर्ता गर्नुपर्ने:</u>**

(१) देहायमध्ये कुनै एक अवस्थामा लाभग्राहीले बिउँपूजी रकम फिर्ता गर्नुपर्नेछ ।

क. सम्झौता अवधि समाप्त भएमा,

ख. कार्य सम्पादन सन्तोषजनक नभएमा,

ग. बिउँपूजी परिचालन समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरेमा ।

(२) उपदफा (१) वमोजिम लाभग्राहीले बिउँपूजी कोष फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## <u>परिच्छेद-४</u>

## <u>अन्य व्यवस्था</u>

१२. **<u>बीमा सम्बन्धी व्यवस्था:</u>** यस कार्यविधि वमोजिम बिउँपूजी परिचालन गर्दा कृषि व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ ।

१३. **<u>दोहोरोपना नहुने:</u>** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

१४. **<u>प्राथमिकता दिईने:</u>** हालसम्म कुनै पनि सरकारी निकायहरुबाट सहुलियत ऋण प्राप्त नगरेका व्यावसायिलाई प्राथमिकता दिईने छ ।

१५. **<u>कारवाही सम्बन्धी व्यवस्था:</u>** यस कार्यविधि अनुसार बिउँपूजी लिई समयमानै किस्ता भूक्तानी नगर्ने लाभग्राहीहरुलाई प्रचलित ऐन, कानून

तथा कार्यविधिको आधारमा कारवाही गरिनेछ । साथै, लाभग्राहीलाई कालो सूचीमा राख्नको लागि सिफारिस समेत गरिनेछ ।

१६. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि वमोजिम र अन्यमा बुँदाहरु प्रचलित कानून वमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

## अनुसूची-१
## दफा (३) सँग सम्बन्धित
## सञ्चालन हुने कृषि व्यवसायमा

क. उन्नत बिउँ बिजन तथा रासायनिक मल खरिद तथा बिक्री,

ख. खाद्यान्न बाली,

ग. बागबानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसलाबाली, पुष्प,

घ. पशुपक्षीं तथा मस्त्य,

ङ. माछा, मासु, दुध, हाड, छाला, ऊन,

च. च्याउ,

छ. मौरी, रेशम,

ज. चिया, कफी, अलैची, सुपारी, घाँसेबाली,

झ. तेलहन, दलहुन,

ञ. कपास, जुट, उखु, रबर खेती,

ट. कृषि पर्यटन,

ठ. कृषि तथा पशुपक्षींजन्य उत्पादनको प्रशोधन उद्योग,

ड. कृषि तथा पशुपक्षींजन्य उत्पादन सामाग्री (दाना, मलखाद, विषादी, औषधी) आदिको उत्पादन उद्योग,

ढ. खेती प्रणालीमा समविष्ट कृषि तथा पशुपक्षींजन्य वस्तुहरु,

ण. कानूनले निषेध नगरेको अन्य कृषि व्यवसाय

## अनुसूची-२

## (दफा-६ को उपदफा २ सँग सम्बन्धित)

## प्रस्ताव आव्हानको सूचना

यस नगरपालिका.................................. को आर्थिक वर्ष २०........../......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बिउँपूजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल वमोजिमका कागजात सहित नगरपालिकामा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

१. रु. १०।— को हुलाक टिकट टाँस गरेको आवेदन,

२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म) को हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,

३. संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म) को हकमा स्थायी लेखा नम्वर (PAN), करचुक्ता र दर्ता,

४. संस्थाको हकमा लेखा परीक्षणको प्रमाणित प्रतिलिपी,

५. संस्थाको बैठकको निर्णयको प्रतिलिपी (समूह/सहकारीको हकमा),

६. अनुसूची-३ अनुसारको आवेदन,

७. व्यावसायिक योजना,

८. बैंक सुरक्षण,

९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**पुनश्चः** “बिउँपूजी परिचालन कार्यविधि, २०८०” नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची-३

## (दफा-६ को उपदफा २ सँग सम्बन्धित)

## आवेदन फाराम

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुंगा ।

**विषयः** कार्यक्रममा सहभागी गरिदिने बारे ।

महोदय,

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति.............................. मा प्रकाशन गरिएको बिउँपूजी कोष परिचालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

**तपसिलः**

१. रु. १०।— को हुलाक टिकट टाँस गरेको आवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म) को हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,
३. संस्था (कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्म) को हकमा स्थायी लेखा नम्वर (PAN), करचुक्ता र दर्ता,
४. संस्थाको हकमा लेखा परीक्षणको प्रमाणित प्रतिलिपी,
५. संस्थाको बैठकको निर्णयको प्रतिलिपी (समूह/सहकारीको हकमा),
६. अनुसूची-३ अनुसारको आवेदन,
७. व्यावसायिक योजना,
८. बैंक सुरक्षण,
९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

निवेदकः

दस्तखतः

नामः

ठेगानाः

छापः

# अनुसूची-४
## (दफा ६ को उपदफा ४ सँग सम्बन्धित)
## सम्झौता- पत्र

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ..............साल.........महिनाको गतेका दिन (सम्बन्धित कार्यालयको नाम तथा ठेगाना) ....................................................(यसपछि प्रथम पक्ष भनिएको) र (लाभग्राहीको नाम तथा ठेगाना).......................................(यसपछि दोस्रो पक्ष भनिएको) बीच .....................................................व्यवसाय सञ्चालनको लागि कूल रकम ................... को ................ प्रतिशतले हुन आउने वा (बढीमा रु. १० लाख/रु. १ करोड) ................................प्रथम पक्षले दोस्रो पक्षलाई प्रदान गर्न देहाय वमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुवै पक्षहरुबाट हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मितिबाट लागू हुनेछ ।
२. सम्झौता भएको मितिले समझौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । शुरु मितिः- ........................... र सम्पन्न हुने मितिः- .............................. हुनेछ ।
३. व्यवसायको कूल लागत रु.......... (अक्षेरुपी....................................मात्र) रहेको छ ।
४. बुंदा नं. ३ मा उल्लेखित व्यवसायको लागि किस्ता देहाय वमोजिम उपलब्ध गराईनेछ ।
   क. प्रथम किस्ताः ................ प्रतिशत कार्य सम्पन्न पश्चात रु.....................

ख. दोस्रो किस्ताः................ प्रतिशत कार्य सम्पन्न पश्चात रु......................

ग. तेस्रो किस्ताः................ प्रतिशत कार्य सम्पन्न पश्चात रु......................

५. व्यवसायको प्रकृति र ऋणको लगानी हेरी लाभग्राहीले देहाय वमोजिम किस्ता फिर्ता गर्नु पर्नेछ ।

क. प्रथम किस्ताः रु.................. मिति..................................

ख. दोस्रो किस्ताः रु................... मिति.................................

ग. तेस्रो किस्ताः रु.......................मिति...............................

घ. चौथो किस्ताः रु.....................मिति...............................

६. यो सम्झौता, दुवै पक्षको आपसी समझदारीमा संशोधन गर्न सकिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका देखि अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाटः | दोस्रो पक्षको तर्फबाटः |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| छापः | छापः |

साक्षीः

## अनुसूची-५
## (दफा ८ को उपदफा २ सँग सम्बन्धी)
## प्रशोधन तथा बजारीकरण सम्बन्धी व्यवसाय

| क्र. सं | व्यवसाय | लक्ष्य | स्वीकृत बजेट (रु.) | अधिकतम बिंउपूजीको सीमा | कै. |
|---|---|---|---|---|---|
| १. | बाख्रा स्रोत केन्द्र स्थापना | २ | १ करोड | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| २. | बंगुर स्रोत केन्द्र स्थापना | २ | १ करोड | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| ३. | सहकारी डेरी मार्ट स्थापना | ५ | ५० लाख | परियोजनाको बढीमा २०% वा रु. १० लाखसम्म | |
| ४. | आधुनिक र पूर्ण स्वचालित गाईपालन | १० | ३ करोड | परियोजनाको बढीमा २०% वा रु. ३० लाखसम्म | |
| ५. | मिल्क टयांकर | ५ | १ करोड ५० लाख | परियोजनाको बढीमा २०% वा रु. ३० लाखसम्म | |
| ६. | रेफ्रिजेरेटर भ्यान खरिद | १० | २ करोड | परियोजनाको बढीमा २०% वा रु. २० लाखसम्म | |
| ७. | मल्चिङ थोपा सिँचाई ग्रीन हाउस आदिमा प्रयोग भएका प्लाष्टिकहरुलाई पुन प्रयोगमा ल्याउने प्रविधिको विकास | १ | ५० लाख | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| ८. | डेरी एक्सिलेन्सी सेन्टर स्थापना | २ | २ करोड | परियोजनाको बढीमा २०% वा रु. १ करोड सम्म | |
| ९. | डेरी प्रशोधन केन्द्र स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. १० लाखसम्म | |

| क्र. सं | व्यवसाय | लक्ष्य | स्वीकृत बजेट (रु.) | अधिकतम बिंउपूजीको सीमा | कै. |
|---|---|---|---|---|---|
| १०. | बधशाला तथा बधस्थल | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| ११. | पशुपंक्षीसँग सम्बन्धित प्रशोधन उद्योग | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| १२. | प्राङ्गारिक मल कारखाना स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| १३. | फलफूल प्रशोधन उद्योग स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| १४. | चिया, कफी, मह, च्याउको प्रशोधन उद्योग स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| १५. | कोल्डस्टोर र कोल्ड चेम्बर स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |
| १६. | कृषि तथा पशुपक्षींजन्य उत्पादनको अन्य प्रशोधन उद्योग स्थापना | - | - | परियोजनाको बढीमा २०% वा रु. ५० लाखसम्म | |

**आज्ञाले**

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत